# खप्तडछान्ना गाउँपालिका

# व्यवसाय दर्ता तथा नवीकरण सम्बन्धी कार्यविधि,२०७५

प्रमाणिकरण मितिः २०७५/०७/१९

खप्तडछान्ना गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
छान्ना, बझाङ्ग

# प्रस्तावना

खप्तडछान्ना गाउँपालिका क्षेत्रभित्र सञ्चालित एवं सञ्चालन हुने विभिन्न व्यवसायिक गतिविधिहरुलाई कानुनी दायरामा ल्याउन, व्यवसाय सञ्चालन मार्फत गाउँपालिकाको आन्तरिक आम्दानीलाई समेत टेवा पुऱ्याउन, स्वच्छ, मर्यादित र प्रतिस्पर्धात्मक बजारको प्रर्वद्धन मार्फत उपभोक्ताको हित संरक्षण गरी स्थानीय सरकार र आम व्यवसायीहरुबीच सुमधुर सम्बन्ध स्थापित गर्दै साझेदारीमा आधारित विकासलाई अगाडि बढाउन वाञ्छनीय भएकोले खप्तडछान्ना गाउँ कार्यपालिकाद्वारा यो कार्यविधि जारी गरिएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यो कार्यविधिको नाम खप्तडछान्ना गाँउपालिका व्यवसाय दर्ता तथा नवीकरण सम्बन्धी कार्यविधि, २०७५" हुनेछ ।

(२) यो कार्यविधि तुरुन्त लागू हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

(क) "कार्यालय" भन्नाले यस खप्तडछान्ना गाउँपालिकाको कार्यालय सम्झनु पर्नेछ ।

(ख) "शाखा" भन्नाले यस खप्तडछान्ना गाउँपालिकामा रहेका सम्बन्धित विषयगत शाखा सम्झनु पर्नेछ ।

(ग) "वडा कार्यालय" भन्नाले यस खप्तडछान्ना गाउँपालिका अन्तर्गतका ७ वटै वडा कार्यालयहरु सम्झनु पर्नेछ ।

(घ) "अध्यक्ष" भन्नाले यस खप्तडछान्ना गाउँपालिकाको अध्यक्ष सम्झनु पर्नेछ ।

(ङ) "उपाध्यक्ष" भन्नाले यस खप्तडछान्ना गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्नेछ ।

(च) "कार्यपालिका सदस्य" भन्नाले यस खप्तडछान्ना गाउँपालिकाको सदस्यहरुलाई सम्झनु पर्नेछ ।

(छ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले यस खप्तडछान्ना गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्नेछ ।

(ज) "वडा समिति" भन्नाले यस खप्तडछान्न गाउँपालिकाको ७ वटै वडाका समितिहरु सम्झनु पर्नेछ ।

(झ) "व्यवसायी" भन्नाले यस खप्तडछान्ना गाउँपालिका क्षेत्रभित्रका सम्बन्धित व्यवसायी, व्यक्ति वा संस्था सम्झनु पर्नेछ ।

(ञ) "कार्यविधि" भन्नाले "ब्यवसाय दर्ता तथा नवीकरण सम्बन्धी कार्यविधि, २०७५" सम्झनु पर्नेछ ।

३. **क्षेत्र** : यस खप्तडछान्ना गाउँपालिका क्षेत्रभित्र व्यापार तथा व्यवसाय सञ्चालन गर्ने सबै व्यवसायीहरुलाई यस कार्यविधिले समेट्नेछ ।

४. **विषयगत क्षेत्र** : विषयगत क्षेत्र अन्तर्गत करका दायरा भित्र देहायका क्षेत्रहरु पर्नेछन् :-

(क) दैनिक उपभोग्य सामाग्रीहरु खाद्यान्न, थोक तथा खुद्रा पसल

(ख) उद्योग तथा कल कारखाना

(ग) औषधी पसल

(घ) होटल तथा रेष्टुरेन्ट व्यवसाय

(ङ) कृषि तथा पशुपालन फर्म

(च) नर्सरी

(छ) अन्य व्यवसाय

## परिच्छेद-२
# व्यवसाय दर्ता सम्बन्धी व्यवस्था

५. **व्यवसाय दर्ता प्रक्रिया :**

(१) **व्यवसाय दर्ता गर्नुपर्ने :** प्रत्येक व्यवसायीले गाउँ कार्यपालिकाको कार्यालयमा आ-आफ्नो व्यवसाय अनिवार्य दर्ता गर्नुपर्नेछ ।

(२) **सूचना प्रकाशन गरिने :** व्यवसाय दर्ताको लागि सूचना स्थानीय सञ्चार माध्यमबाट प्रकाशन तथा प्रसारण गरिनेछ ।

(३) **तोकिएको समयभित्र व्यवसाय दर्ता गर्नुपर्ने :** हाल सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीले कात्तिक मसान्त सम्ममा अनिवार्य दर्ता गरिसक्नु पर्नेछ । साथै नयाँ व्यवसाय सञ्चालन गर्ने व्यवसायीले व्यवसाय सञ्चालन गरेको मितिले १ महिना भित्र अनिवार्य आफ्नो व्यवसाय दर्ता गरिसक्नु पर्नेछ ।

६. **दर्ताका लागि आवश्यक कागजातहरु :** व्यवसाय दर्ताका लागि व्यवसायीले देहायका कागजातहरु सहित अनुसूची-३ बमोजिमको ढाँचामा गाउँ कार्यपालिकाको कार्यालयमा निवेदन पेश गर्नुपर्नेछ ।

(१) हालसालै खिचेको २ प्रति फोटो

(२) नागरिकता प्रमाणपत्रको प्रतिलिपि

(३) वडा कार्यालयको सिफारिस

(४) उद्योगको वाणिज्य संघमा दर्ता गरिएको भए सोको सिफारिस पत्र ।

(५) व्यवसाय सञ्चालन हुने जग्गाको जग्गाधनी प्रमाण पूर्जाको प्रतिलिपि ।

(६) अर्काको नाममा जग्गा भए व्यवसाय सञ्चालन गर्न दिने जग्गाधनीको मञ्जुरीनामा ।

(७) उद्योगको हकमा संधियारको मञ्जुरीनामा ।

७. **प्रमाण-पत्र सम्बन्धी व्यवस्था :** दफा ६ मा उल्लेखित कागजातहरु प्राप्त भई सकेपश्चात् तोकिएको दस्तुर लिई कार्यालयले अनुसूची-१ बमोजिमको ढाँचामा व्यवसाय दर्ताको प्रमाण-पत्र दिइनेछ ।

८. **व्यवसाय नवीकरण सम्बन्धी व्यवस्था :** प्रत्येक व्यवसायीले आर्थिक वर्षको श्रावण मसान्तसम्म आफ्नो व्यवसाय अनिवार्य रुपमा गाउँ कार्यपालिकाबाट नवीकरण गरिसक्नु पर्नेछ । व्यवसाय नवीकरणको ढाँचा अनुसूची-१ बमोजिम हुनेछ ।

९. **व्यवसाय दर्ता तथा नवीकरण शुल्क र पुनरावलोकन सम्बन्धी व्यवस्था :**

:(१) व्यवसाय दर्ता/नवीकरण सम्बन्धी शुल्क/दस्तुर राजस्व परामर्श समितिको सिफारिसमा गाउँ कार्यपालिकाले निर्धारण गरेबमोजिम हुनेछ ।

(२) चालु आ.व.को हकमा अनुसूची-२ मा उल्लेख भएबमोजिमको व्यवसाय दर्ता शुल्क/दस्तुर लिइनेछ ।

(३) आर्थिक वर्ष समाप्त भएपछि व्यवसाय दर्ता/नवीकरण शुल्कमा गाउँ कार्यपालिकाले पुनरावलोकन गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम पुनरावलोकन गरिएको व्यवसाय दर्ता/नवीकरण शुल्क सम्बन्धी जानकारी स्थानीय सञ्चार माध्यम वा अन्य कुनै माध्यमबाट सार्वजनिक गरिनेछ ।

## परिच्छेद-३
# अनुगमन तथा कारबाही

१०. **मूल्य सूची सम्बन्धी व्यवस्था :** सम्पूर्ण व्यवसायीहरुले अनिवार्य रुपमा उपभोक्ताहरुले प्रस्टसँग देख्ने गरी मूल्यसूची राख्नुपर्नेछ ।

११. **बजार अनुगमन सम्बन्धी व्यवस्था :** यस गाउँपालिका भित्र सञ्चालन भएका व्यापार व्यवसायलाई स्वच्छ, व्यवस्थित, मर्यादित एवं स्वस्थ प्रतिस्पर्धी बनाउन नियमित अनुगमन गरिनेछ । बजार अनुगमन सम्बन्धी कार्य गाउँ कार्यपालिकाबाट स्वीकृत बजार अनुगमन निर्देशिका बमोजिम गरिनेछ ।

१२. **दर्ता खारेजी र व्यवसाय बन्द सम्बन्धी व्यवस्था** : देहायका कार्य गरेमा व्यवसायको दर्ता खारेजी वा व्यवसाय बन्द गर्न सक्ने छ ।

(क) तोकिएको समय भित्र व्यवसाय दर्ता तथा नवीकरण नगरेमा,

(ख) निषेध गरिएका सामग्रीहरु बेचविखन गरेमा,

(ग) कालोबजारी गरेमा,

(घ) गुणस्तरहीन सामग्रीहरु बेचविखन गरेमा,

(ङ) म्याद नाघेका सामग्रीहरु बेचविखन गरेमा,

(च) चर्को मूल्यमा सामग्रीहरु बेचविखन गरेमा,

(छ) प्रदूषित, फोहोर सामग्रीहरु बेचविखन गरेमा ।

१३. **कारबाही र जरिवाना सम्बन्धी व्यवस्था** : (१) बजार अनुगमनको क्रममा देहायको अवस्था भेटिन गएमा देहाय बमोजिमको तुरुन्त जरिवाना गरिनेछ :-

| | विवरण | जरिवाना |
|---|---|---|
| (क) | मूल्य सूची नराखेमा | रु. १०००।- |
| (ख) | प्रमाणपत्र नराखेमा | रु. २,०००।- |
| (ग) | तोकिएको समय भित्र व्यवसाय दर्ता तथा नवीकरण नगरेमा | रु. ५,०००।- |
| (घ) | गुणस्तरहीन सामग्रीहरु बेचविखन गरेमा | रु. १०,०००।- |
| (ङ) | म्याद नाघेका सामग्रीहरु बेचविखन गरेमा | रु. १०,०००।- |
| (च) | बजार मूल्य भन्दा चर्को मूल्यमा सामग्रीहरु बेचविखन गरेमा | रु. १०,०००।- |
| (छ) | प्रदुषित, फोहोर सामग्रीहरु बेचविखन गरेमा | रु. ५,०००।- |

(२) उपदफा (१) बमोजिम जरिवाना गरिसकेपश्चात् पनि कुनै व्यवसायीले आफ्नो कमजोरी सुधार नगरेको पाइएमा त्यस्ता व्यवसायीलाई सोही कसुरमा दोब्बर जरिवाना गरिनेछ ।

## परिच्छेद-४
## विविध

१४. **बाधा अड्काउ सम्बन्धी व्यवस्था** : (१) यो कार्यविधिको कार्यान्वयनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन गाउँ कार्यपालिकाले आवश्यकता अनुसार थपघट, हेरफेर वा संशोधन गर्न सक्नेछ ।

(२) यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अवरोध वा अस्पष्टता भएमा त्यस्तो बाधा अवरोध हटाउन गाउँ कार्यपालिकाले आवश्यकता अनुसार व्यवस्था गर्न सक्नेछ ।

१५. **बचाउ** : (१) यस अघि गाउँपालिकाको कार्यालयबाट दर्ता तथा नवीकरण गरिएका व्यवसायहरुको दर्ता तथा नवीकरण यसै कार्यविधि अनुसार भएको मानिनेछन् ।

(२) यो कार्यविधि प्रदेश कानुन नबनेसम्म वा गाउँ कार्यपालिकाले बनाएको अर्को ऐन, कानुनले खारेज नगरेसम्म पूर्ण रुपमा सक्रिय रहनेछ ।

**अनुसूची-१**
दफा (७) सँग सम्बन्धित

**खप्तडछान्ना गाउँपालिका**
# गाँउ कार्यपालिकाको कार्यालय
**छान्ना, बझाङ्ग**
**७ नं प्रदेश, नेपाल**

फोटो

# व्यवसाय दर्ता प्रमाण-पत्र

**दर्ता नं.**

**प्यान नं.**

श्री .......................................
.......................................

तपाईलाई "**खप्तडछान्ना गाउँपालिकाको व्यवसाय दर्ता तथा नवीकरण सम्बन्धी कार्यविधि २०७५**" को दफा (७) बमोजिम खप्तडछान्ना गाउँपालिका वडा नं. ...... स्थित ...................... मा ............................................................................ नामको ........................ व्यवसाय सञ्चालन गर्ने गरी यो प्रमाण-पत्र प्रदान गरिएको छ ।

प्रचलित नियमानुसार उपभोक्ताको हित संरक्षण गरी मर्यादित तवरले आफ्नो व्यवसाय सञ्चालन गर्नुहुन अनुरोध गरिन्छ ।

**प्रमाण-पत्र दिने अधिकारीको**

दस्तखत :

(कार्यालयको छाप) नाम :

पद :

मिति :

नोट :- यो प्रमाण-पत्र एक आर्थिक वर्षसम्म बहाल रहने छ । प्रत्येक आर्थिक वर्षमा नियमानुसारको दस्तुर तिरी नवीकरण गर्नुपर्ने छ ।

**नवीकरण विवरण**

| नवीकरण गरेको मिति | नवीकरण बहाल रहने मिति | नवीकरण दस्तूर भौचर नं. र मिति | नवीकरण गर्ने अधिकारी | नवीकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

अनुसूची-२
दफा (९) सँग सम्बन्धित

## व्यवसाय इजाजत (दर्ता/नवीकरण) दस्तुरको दर

| क्र.सं. | व्यवसायको किसिम | व्यवसाय | दस्तुर रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | व्यापार | चिया/नास्ता होटल | ५०० | |
| २ | | गेष्ट हाउस होटल | - | |
| ३ | | किराना होलसेल | १००० | |
| ४ | | किराना खुद्रा/स्टेशनरी | ५०० | |
| ५ | | कपडा | १००० | |
| ६ | | मोबाइल ग्यालरी | १००० | |
| ७ | | इलेक्ट्रोनिक्स | १००० | |
| ८ | | हार्डवेयर | १५०० | |
| ९ | | फर्निचर | १५०० | |
| १० | | खुद्रा मासु पसल | ५०० | |
| ११ | | होजियारी/सिलाई कटाई | ५०० | |
| १२ | | कस्मेटिक | ५०० | |
| १३ | | फेन्सी/जुत्ता पसल | १००० | |
| १४ | | सुन, चाँदी, तामा | १००० | |
| १५ | | आफर | ५०० | |
| १६ | उद्योग | कुटानी पिसानी | १००० | |
| १७ | | सुधारिएको घट्ट | ५०० | |
| १८ | | १२ महिना चल्ने घट्ट | ३०० | |
| १९ | | ६ महिना चल्ने घट्ट | २०० | |
| २० | | स मिल (काठ चिरान तथा फर्निचर निर्माण) | १००० | |
| २१ | | छाला तथा जुत्ता उद्योग | ५०० | |
| २२ | कृषि | गाई/भैंसी फार्म | १००० | |
| २३ | | भेडा/बाख्रा फार्म | ७०० | |
| २४ | | हाँस/कुखुरा फार्म | ५०० | |
| २५ | | सुँगुर/बंगुर फार्म | ५०० | |
| २६ | | माछा फार्म | ५०० | |
| २७ | | फलफूल फार्म | - | |
| २८ | | तरकारी फार्म | - | |
| २९ | सेवा सञ्चालन | मेडिकल | १००० | |
| ३० | | भेटेनरी/एग्रोभेट | १००० | |
| ३१ | अन्य (घुम्ती व्यापार) | सुनचाँदी<br>भाँडाकुँडा<br>कपडा | ५००<br>५००<br>३०० | |

अनुसूची-३
दफा (६) सँग सम्बन्धित

**श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,**
खप्तडछान्ना गाँउपालिका,
गाँउ कार्यपालिकाको कार्यालय,
छान्ना, बझाङ्ग ।

विषय : व्यवसाय दर्ता/नवीकरण गरी पाँऊ ।

महोदय,

प्रस्तुत विषयमा मैले खप्तडछान्ना गाउँपालिका वडा नं. ...... स्थिति .................... मा तपसिल अनुसारको व्यवसाय सञ्चालन गर्न गैरहेकाले/गर्दै आएकाले मेरो नाममा नियमानुसार व्यवसाय दर्ता/नवीकरण गरिदिनुहुन अनुरोध गर्दछु ।

व्यवसाय/फर्मको नाम : ...........................................................
व्यवसायको प्रकार : ......................................

**संलग्न** :

१) हालसालै खिचेको पासपोर्ट साइजको २ प्रति फोटो (नवीकरण गर्दा १ प्रति फोटो)
२) नागरिकता प्रमाण पत्रको प्रतिलिपि ।
३) वडा कार्यालयको सिफारिस ।
४) उद्योगको वाणिज्य संघमा दर्ता गरिएको भए सोको सिफारिस पत्र ।
५) व्यवसाय सञ्चालन हुने जग्गाको जग्गाधनी प्रमाण पूर्जाको प्रतिलिपि ।
६) अर्काको नाममा जग्गा भए व्यवसाय सञ्चालन गर्न दिने जग्गाधनीको मञ्जुरीनामा ।
७) उद्योगको हकमा संधियारको मञ्जुरीनामा ।

**नोट** : नवीकरण गर्न बुँदा नं. ४, ५, ६ र ७ का कागजात संलग्न नगर्दा पनि हुनेछ ।

**निवेदक**

**नाम :**
**ठेगाना :**
**मिति :**